लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

## बोलपत्र फारम बिक्री र दर्ता गर्ने स्थान थप गरिएको सूचना

मिति : २०७६/०३/१८

यस लालबन्दी नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने आन्तरिक आयश्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू संकलनका लागी मिति २०७६।०२।२७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको बजार लगाएत अन्य ठेक्कासंग सम्बन्धित सूचना अनुसार बोलपत्र फारम खरिद तथा बिक्री गर्ने स्थान लालबन्दी नगर कार्यपालिकाको कार्यालयबाट गर्न सकिनेछ भनी उल्लेख भएकोमा सूचनामा प्रकाशित ठेक्का लाग्ने बजार यस नगरपालिकाको वडा नं १ र २ मा पनि पर्ने र उक्त स्थानका स्थानीय व्यवसायि/व्यापारिहरूले बोलपत्र फारम खरिद तथा बिक्री गर्ने स्थान वडा नं. १ र २ को संयूक्त वडा कार्यालयबाट समेत हुने व्यवस्था मिलाई दिनु हुन भनि लिखित तथा मौखिक निवेदन पेश गरेको तथा यस अघिको आ.ब.हरूमा समेत उक्त स्थानबाट समेत बोलपत्र फारम खरिद तथा दर्ता गर्ने कार्य गरिएको हुदाँ उक्त बजारका स्थानीय व्यापारि/व्यवसायिहरूको उचित मागको सम्बोधनको लागी अन्य शर्तहरू मिति २०७६।०२।२७ मा यस कार्यालयबाट प्रकाशित सूचना अनुसारनै हुने गरी यस नगरपालिकाको वडा नं १ र २ को संयुक्त वडा कार्यालय, नेत्रगंजबाट समेत तपशिलको बजार ठेक्काहरूको बोलपत्र फारम बिक्री तथा दर्ता गर्ने स्थान थप गरिएको व्यहोरा सर्वसाधरण तथा सरोकारवालाहरू सबैको जानकारीको लागी यस कार्यालयको मिति २०७६।०३।१८ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| ठे.सि.नं | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोरु बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | ४६,१०,०००।०० | ३०००।- | |
| २ | डुमडुमे मन्दिर टेम्बी दक्षिण तर्फको टमाटर तथा अन्य तरकारी बजार | लालबन्दी न.पा. बजार, वडा नं. ७ | ४०,००,०००।०० | ३०००।- | |

प्रमुख प्रशासकीय अधिकृत ।